




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क २१६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ २ गते बुधबार ❑ 18 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## एमालेका १४ सांसदलाई कारबाही सिफारिस

**रासस**
**काठमाडौं, १ भदौ**

नेकपा (एमाले) ले पार्टीको नीति र निर्देशन बमोजिम काम नगरेको जनाउँदै वरिष्ठ नेता माधवकुमार नेपालसहित १४ जना प्रतिनिधिसभा सदस्यलाई पदमुक्त गर्न संघीय संसद् सचिवालयमा सिफारिस गरेको छ।

गत साउन ३ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई पार्टीको नीतिविपरीत २२ जना एमालेका सांसदले विश्वासको मत दिएका थिए । ती सांसदलाई एमालेले साउन ६ गते स्पष्टीकरण सोधेको थियो।

तीमध्ये १४ जनालाई राजनीतिक दलसम्बन्धी ऐनको दफा २८ बमोजिम कारबाहीका लागि सिफारिस गरिएको एमाले संसदीय दलका सचेतक शान्ता चौधरीले जानकारी दिइन । पार्टीभित्रको आन्तरिक एकताका लागि एमालेको संसदीय दल र स्थायी कमिटीको बैठक मंगलबार भएको थियो । कारबाहीका लागि सिफारिस गरिएकामा जीवनराम श्रेष्ठ, मुकुन्द न्यौपाने, रामकुमारी झाँक्री, कल्याणी खड्का, लक्ष्मीकुमारी चौधरी, निरादेवी जैरु, पुष्पाकुमारी कर्ण, सरला यादव, कलिला खातुन, विरोध खतिवडा, कृष्णलाल महर्जन, भवानी खापुङ र मेटमणि चौधरी रहेका छन्।

## 'गलत र एकपक्षीय' निर्णय फिर्ता लिएमा एकता सम्भव : नेता नेपाल

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौ**

नेकपा (एमाले) का वरिष्ठ नेता माधवकुमार नेपालले पार्टीभित्र आन्तरिक एकताका लागि आफूहरू सधैं तत्पर रहेको र यो प्रयास नयाँ पार्टी खुलेको स्थितिमा पनि जारी रहने बताउनुभएको छ।



पार्टीको आफू निकट जनसङ्गठनका पदाधिकारीलाई आज भर्चुअल सम्बोधन गर्दै नेता नेपालले अध्यक्ष केपी शर्मा ओलीले यसबीचमा गरेका कतिपय 'गलत र एकपक्षीय' निर्णय फिर्ता लिएमा एकता सम्भव हुने अन्यथा नयाँ पार्टीमार्फत वामपन्थी आन्दोलनको झण्डालाई फहराइने स्पष्ट गर्नुभयो । उहाँले सही कार्यदिशामा आउन तयार भएमा अहिले एकता सम्भव नभए निर्वाचनमा तालमेल वा निर्वाचनपछि पनि सहकार्य र एकताको सम्भावना सधैं रहने बताउनुभएको हो। उहाँले आफ्ना कार्यकर्तालाई एमालेको सदस्यता नवीकरण र समानान्तर गतिविधिमा सक्रिय हुन पनि आग्रह गर्नुभयो।

आफूले उपमहासचिव घनश्याम भुसालको प्रस्तावमा एकताका लागि विकल्पबारे छलफल गर्न अध्यक्ष ओली पक्षसँग पठाएको जानकारी दिँदै त्यसको प्रगति भइनसकेको बताउनुभयो । उहाँले पार्टीले आफूसहित १४ जना प्रतिनिधिसभा सदस्यलाई पदमुक्त गर्न सङ्घीय संसद् सचिवालयमा सिफारिस गरेको सुनिएकोमा विरोध गर्नुभयो।

## पार्टी एकतामा सक्रिय रहन एमालेको आह्वान

**रासस**
**काठमाडौं, १ भदौ**

नेकपा (एमाले)ले नेता तथा कार्यकर्तालाई पार्टी एकतामा सक्रिय योगदान गर्न आह्वान गरेको छ।

ललितपुरको तुल्सीलाल स्मृति प्रतिष्ठानमा आज भएको स्थायी कमिटी बैठकमा पार्टी एकता जोगाउन हरसम्भव प्रयास भइरहेको भन्दै नेता तथा कार्यकर्तालाई गुटमा नलागी पार्टी एकताका लागि सक्रिय योगदान गर्न आह्वान गरेको बैठकपछि एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिनुभयो । उहाँले बैठकले पार्टी विभाजनविरुद्ध दृढताका साथ उभिन आग्रह गरेको बताउनुभयो । केही साथीले पार्टी छाडेर जाने तयारी गरेका भन्दै त्यस्तालाई नजानसमेत आग्रह गर्नुभयो।

एमाले प्रवक्ता ज्ञवालीले जुन उद्देश्यका साथ संसद् स्थापना भएको थियो गठबन्धन पार्टीले त्यसअनुरुप काम नगरेको आरोप लगाउनुभयो । "संसद्मा विचाराधीन कैयौं विधेयकको टुङ्गो लगाउनुपर्ने र जनसरोकारका कैयौं विषयमा छलफल गर्नुपर्नेमा सरकारले संसद् अधिवेशन अन्त्य गरेको छ," उहाँले भन्नुभयो, "यो कार्य गठबन्धन सरकारले विगतमा सार्वजनिक रुपमा व्यक्त गरेका साझा न्यूनतम कार्यक्रमको प्रतिबद्धताबमोजिम समेत छैन।"

बैठकले अफगानिस्तानमा रहेका नेपालीलाई फिर्ता ल्याउनसमेत सरकारको ध्यानाकर्षण गराएको जानकारी पनि दिनुभयो।

## तीन हजार २७४ संक्रमित, २७ को मृत्यु

**रासस**
**काठमाडौं, १ भदौ**

देशभर पछिल्लो २४ घण्टामा थप तीन हजार २७४ मा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय ११ हजार ५६५ पिसिआर परीक्षणमा दुई हजार ४५६ र छ हजार १२४ एन्टिजेन परीक्षणमा ८१८ गरी जम्मा तीन हजार २७४ मा संक्रमण पुष्टि भएको हो । योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या सात लाख ३७ हजार २ ९४ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको संख्या ७६ हजार ८३३ रहेको छ । पछिल्लो समय थप एक हजार ९२९ निको भएका छन्। योसँगै निको हुनेको संख्या छ लाख ८७ हजार ६९ पुगेको छ। निको हुने दर ९३ दशमलव दुई प्रतिशत रहेको पनि मन्त्रालयले जनाएको छ। हाल नेपालमा ३६ हजार ५७५ होम आइसोलेसन, तीन हजार २९६ संस्थागत आइसोलेसमा रहेका छन् । त्यसैगरी ७९० जना आइसियु र १९१ भेन्टिलेटरमा उपचाररत छन्। देशभर सक्रिय संक्रमितको संख्या ३९ हजार ८७१ रहेको छ। हाल क्वारेन्टिनमा रहनेको संख्या ४१५ रहेको छ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १० हजार ३५४ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप २७ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ । यस रोगबाट हुने मृत्यु दर १.५ प्रतिशत रहेको छ। त्यसैगरी पछिल्लो समय एक लाख ४४ हजार ५२८ ले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ।

## लायन्स मोडेल भिलेजलाई गण्डकी प्रदेश सरकारले सघाउने

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौ**

लायन्स डिष्ट्रिक्ट ३२५ वि १ नेपालको यो वर्षको मुख्य कार्यक्रम लायन्स मोडेल भिलेज निर्माणमा गण्डकी प्रदेश सरकारले सघाउने भएको छ।



डिष्ट्रिक्ट गभर्नर लायन विश्वेश्वर आचार्यले मंगलबार मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखेलसँग भेट गरी लायन्सले यो वर्ष विभिन्न १४ जिल्लाका १४ गाउँमा मोडेल भिलेज बनाउने अभियान सुरु गरेकाले सो कार्यमा सहकार्य गर्न प्रदेश सरकारलाई आग्रह गरेका थिए । सो अवसरमा मुख्यमन्त्री पोखेलले लायन्सका विभिन्न सामाजिक गतिविधि नियालिरहेको बताउँदै लायन्सको मोडेल भिलेज बनाउने अभियानमा आबश्यक छलफल गरी गण्डकी प्रदेश सरकारले सघाउने बताए । सो अवसरमा कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापाले लायन्सका सेवा कार्यले समाजमा सकारात्मक प्रभाव पारेको बताउँदै प्रदेश सरकारले आवश्यक स्थानमा सहकार्य गर्दै अघि बढ्ने बताए। मुख्यमन्त्री भेटघाटमा डिष्ट्रिक्ट ३२५ वि १ नेपालका डिष्ट्रिक्ट गभर्नर लायन विश्वेश्वर आचार्य सहित पूर्व गभर्नर लायन ध्रुव थापा, क्याबिनेट सेक्रेटरी लायन दुर्गाप्रसाद हुमागाई, डिष्ट्रिक्ट चिफ एडमिनिस्ट्रेटर लायन चण्डीप्रसाद अर्याल, डिपुटी डिर्पाटमेन्ट चिफ तथा मुख्यमन्त्रीका प्रेस संयोजक भरत कोइरालाको उपस्थिति थियो।

## अफगानिस्तानबाट ११८ नेपालीलाई स्वदेश ल्याइयो

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौ**

अफगानिस्तानलाई तालिबानीले नियन्त्रणमा लिएपछि त्यहाँ रहेका नेपालीलाई स्वदेश फिर्ता ल्याउन नेपाल सरकारले सुरुआत गरेको छ । अफगानिस्तानको राजधानी काबुलबाट चार्टर्ड उडान गरी आज ११८ नेपालीलाई पहिलो चरणमा स्वदेश ल्याएको परराष्ट्र मन्त्रालयले ट्विटमार्फत जनाएको छ । सरकारले त्यहाँ रहेका नेपाललाई सकुशल उद्धारका लागि समन्वयात्मक ढङ्गले काम गर्न आफ्ना मातहतका निकायलाई निर्देश गरिसकेको छ । सोमबार भएको मन्त्रिपरिषद् बैठकले त्यहाँ रहेका नेपालीको शीघ्र उद्धार गर्ने निर्णय गरेको थियो । अफगानिस्तानको विकसित घटनाका कारण त्यहाँ रहेका नेपालीको वस्तुगत अवस्था पत्ता लगाई उनीहरूको उद्धार गर्न सरकारले शनिबार एक कार्यदल गठन गरेको थियो । परराष्ट्र मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित कार्यदलमा मध्य एशिया, पश्चिम एशिया तथा अफ्रिका महाशाखाका प्रमुखहरू एवं अर्थ, गृह, श्रम तथा रोजगार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल प्रहरी, कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र कन्सुलर सेवा विभागका राजपत्राङ्कित प्रथम श्रेणी वा सोसरहका सदस्य रहनुभएको छ।

उद्धार प्रयोजनका लागि अफगानिस्तानमा रहेका नेपाली नागरिकको विवरण सङ्कलनका लागि कन्सुलर सेवा विभागको वेबसाइटमा अनलाइन दर्ता गर्ने व्यवस्था गरिएको छ। अनलाइनमा आफ्नो नामसहितको विवरण उल्लेख गरी दर्ता गर्न सम्बन्धित व्यक्ति वा परिवारलाई आग्रह गरिएको छ।

## एसियन कप छनोटमा नेपालले पहिलो खेल फिलिपिन्ससँग खेल्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौ**

एसियाली फुटबल महासङ्घ (एएफसी) महिला एसियन कप, २०२२ छनोटको पहिलो खेलमा नेपालले फिलिपिन्ससँग प्रतिस्पर्धा गर्ने भएको छ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का अनुसार छनोटको समूह 'एफ' मा रहेको नेपालले फिलिपिन्ससँगको खेल आगामी असोज २ गते उज्वेकिस्तानमा खेल्ने तय भएको छ। नेपालले आफ्नो दोस्रो खेल हङकङसित असोज असोज ५ गते खेल्ने छ । यसैगरी सो समूहअन्तर्गत फिलिपिन्स र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पूर्ण क्षति भएका मनाङका घर बनाउन प्रतिपरिवार दुई लाख

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौ**

गण्डकी प्रदेश सरकारले हिमालपारिको जिल्ला मनाङका बाढीपीडितलाई विशेष राहतको घोषणा गरेको छ । जिल्लामा बाढीले पुऱ्याएको क्षतिको मूल्याङ्कन गरी उक्त राहत प्रदान गर्न लागिएको मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बताउनुभयो।

मुख्यमन्त्री पोखरेल र अर्थमन्त्री रामजीप्रसाद बराल (जीवन)ले सोमबार जिल्लाको नासों गाउँपालिका दुई ठाउँमा पुगेर क्षतिग्रस्तस्थलको अवलोकन गर्नुभएको थियो । स्थानीयवासी पीडितसँगको अन्तर्क्रियामा मुख्यमन्त्री पोखरेलले बर्खाको सुरुमै भएको क्षतिबाट आफू दुःखी भएको बताउँदै बाढीले पूर्ण क्षति पुऱ्याएका घर निर्माणका लागि प्रतिघर रु दुई लाख प्रदान गर्ने घोषणा गर्नुभयो । मनाङमा यो बर्खामा ८५ घर पूर्ण क्षति भएको विवरण सङ्कलन भएको छ। खासगरी नासों गाउँपालिकाको वडा नं १ मा ७० घरमा क्षति पुगेको छ । धारापानीमा पनि १२ घरमा क्षति पुगेको पालिका अध्यक्ष चन्द्र घलेले बताउनुभयो। मुख्यमन्त्री पोखरेलले बेँसीसहर-चामे सडक खुलाउन सङ्घ सरकारले काम थालिसकेको र तालसम्म गाडी चल्न थालिसकेको बताउनुभयो। त्यसभन्दा माथि पनि अहिले धमाधम काम भइरहेको छ। मुख्यमन्त्री पोखरेलले बाढीपहिरो प्रभावित क्षेत्रको आवश्यकताका आधारमा प्राथमिकता तोकेर सङ्घ सरकारसँग समन्वय गर्दै काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सङ्घ सरकारले मनाङलाई विपद् सङ्कटग्रस्त घोषणा गरिसकेको छ। जिल्लामा विभिन्न बस्तीको पुनःनिर्माणका लागि आफूले केन्द्रसँग समन्वय गरिहरहेको मुख्यमन्त्री पोखरेलले बताउनुभयो।

मनाङ सदरमुकाम चामेमा बाढीकै कारण बिजुली बत्ती नबलेपछि प्रदेश सरकारले सबै सरकारी कार्यालयमा सोलार जडान गरिसकेको छ । जसका कारण सेवाग्राहीले सहजै सेवा लिन पाएका छन्। अर्थमन्त्री रामजीप्रसाद बरालले बाढी र पहिरो प्रभावितको पहिचान गरी तत्काल र दीर्घकालीनरूपमा समस्या समाधानका लागि सरकार प्रतिबद्ध भएको बताउनुभयो। वडा नं १ को अधिकांश बस्ती बगरमा परिणत भएकाले अस्थायी बसोबासका साथै प्रभावितलाई खान, बस्न प्रबन्ध भइरहेको र प्रदेश सरकारले कमी हुन नदिने उहाँले बताउनुभयो। अझै पनि मर्स्याङ्दी नदीमा पानीको बहाव कम नहुँदा आसपासका बासिन्दा त्रासमा छन्।

नासों गाउँपालिका धारापानी मनाङमा गत असार १ गते परेको अविरल वर्षाले मर्स्याङ्दी नदी र दूधखोलामा आएको बाढीका कारण गाउँका नौवटै वडा प्रभावित भएको नासों गाउँपालिका अध्यक्ष चन्द्र घलेले बताउनुभयो । बाढीले स्थानीयवासीको घरबास नै डुबाउनुका साथै खेतीयोग्य जमिनसमेत बगाएको छ । मूल सडक र झोलुङ्गे पुल बगाएको छ । गोरेटो बाटोसमेत हिँड्न सकिने अवस्थामा छैन । सञ्चार र बिजुलीसमेत नहुँदा आफूहरू मर्कामा परेको स्थानीयवासीले दुःखेसो गरेका छन् । सोमबार मुख्यमन्त्री र अर्थमन्त्रीसँगै कांग्रेस सांसद चिन्तबहादुर घले, माओवादी केन्द्रका नेता कपिल लामा सहभागी हुनुहुन्थ्यो।




# रोटरी पोखराको सहयोग स्वास्थ्य केन्द्र वडा १३ मा

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौ**

कोभिड १९ महामारीविरुद्ध लड्नका लागि रोटरी क्लव अफ पोखराले सोमवार पोखरा महानगरपालिका वडा न १३ मा स्थित शहरी स्वास्थ्य केन्द्रलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ।




क्लवका निवर्तमान अध्यक्ष जितेन्द्र सिग्देलले वडा १३ का अध्यक्ष दर्शन लामा लगायत स्वास्थ्य केन्द्रका कर्मचारीलाइ संयुक्त रुपमा सो सामाग्री हस्तान्तरण गरेका हुन् । स्वास्थ्य सामग्रीमा थर्मगन एक थान, अक्सिमिटर एक थान, अक्सिजन कन्सन्ट्रेटर एक थान र अक्सिजन सिलिन्डर दुइ थान रहेको शहरी स्वास्थ्य केन्द्र वडा १३ की इन्चार्ज लिला गुरुङले वताइन् । शरीरका हरेक अंग र भागहरुलाई काम गर्नका लागि अक्सिजन चाहिने हुन्छ, सोही अक्सिजन सिलिन्डर क्लवले प्रदान गरेकोमा अध्यक्ष लामाले क्लवलाइ धन्यवाद दिए । स्वार्थ भन्दामाथि रहेर सेवा गर्ने प्रतिवद्धताका साथ अगाडि बढ्ने अभियान लिएर पोखरा नगरीमा रोटरी क्लव अफ पोखरा जन्म भएको क्लवका निवर्तमान अध्यक्ष सिग्देलले वताए। वडा १३ मा स्वास्थ्य सामग्री अभै आवश्यक परेका आगमी दिनमा सहयोग गर्ने प्रतिवद्धता अध्यक्ष सिग्देलले पोखरापत्रलाइ वताए।

# एसियन...

हङकङबीचको खेल असोज ८ गते हुने छ। नेपाल सहभागी समूह 'एफ' को खेल नेपालमा सञ्चालन हुने भनिए पनि अन्तिममा आएर कोरोनो महामारीका कारण उज्वेकिस्तानमा सारिएको थियो । उक्त समूहको शीर्ष स्थानमा रहने टोली आगामी वर्ष भारतमा आयोजना हुने एसियन कपका लागि छनोट हुनेछ। एसियन कप छनोटका तयारीका लागि २८ महिला खेलाडी बन्द प्रशिक्षणमा रहनुभएको छ । सो टोलीलाई मुख्य प्रशिक्षक ग्यारी फिलिप्सले प्रशिक्षण दिइरहनुभएको छ।

बन्द प्रशिक्षणमा हिरा भुजेल, इन्द्रा राई, मनिषा राउत, मन्जली थोकर, निशा थोकर, प्रिती राई, पुजा राना, पुनम जर्गा मगर, रजनी थोकर, अन्जना राना मगर, एन्जिला सुब्बा, उषा नाथ, अमिशा कार्की, अमृता जैशी, अनिता बस्नेत, अनिता केसी, अन्जली वाइबा, विमला विक, विमला चौधरी, दिपा राई, गीता राना, हिमा चौधरी, रश्मी घिसिङ, रेनुका नगरकोटी, सविता राना, सरु लिम्बु, शर्मिला थापा र सिर्जना सिंह रहनुभएको एन्फाले जनाएको छ।





पर्वतीय संग्राहलयः पोखराको अन्तरराष्ट्रिय पर्वतीय संग्राहलय । पोखरा महानगरपालिका-१७ रातोपैराह्वस्थित अन्तरराष्ट्रिय पर्वतीय संग्राहलयको दृश्य । निषेधाज्ञाका कारण यति बेला संग्राहलय अवलोकनका लागि रोक लगाइएको छ। तस्वीर : राधिका कँडेल

# पदयात्रा सम्बद्ध ३६० जनालाई खोप

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौ**

पोखरामा पदयात्रा सम्बद्ध ३६० जना व्यवसायी एवं मजदुरलाई खोप लगाइएको छ।

पोखरा र आसपासका क्षेत्रमा पर्यटनलाई गतिशील बनाउन तत्काल खोपको व्यवस्था गर्न माग गर्दै आइएकोमा पहिलो चरणमा पर्यटन सम्बद्ध व्यवसायी एवं मजदुरमध्ये दुई हजार ५०० जनालाई खोपको व्यवस्था गरिएकोमा पदयात्रा सम्बद्ध ३६० जनाले खोप लगाएको ट्रेकिङ एजेन्सीज एशोसिएशन अफ नेपाल(टान) पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष सुशीलराज पौडेलले जानकारी दिनुभयो।

पोखरा हुँदै यहाँ आसपासका मर्दी हिमाल, अन्नपूर्ण आधार शिविर, घोरेपानी, पुन हिललगायतका स्थानमा पदयात्री जाने गरेको बताउँदै उहाँले आसपासका पदयात्रा मार्गमा पर्यटकको आगमन बढाउनका लागि सबै व्यवसायी तथा मजदुरले खोप लगाउनु आवश्यक भएको बताउनुभयो । पदयात्रा पर्यटनमा क्रियाशीलमध्ये कतिपयले उमेर समूहका आधारमा खोप लगाइसकेको भए पनि अझै पदयात्रा मार्गमा धेरै व्यवसायी तथा मजदुर खोपको पर्खाइमा रहेको उहाँले बताउनुभयो।

दशैं, तिहारजस्ता बिदा हुने र घुमफिरमा निस्कने समय नजिकिँदै गरेको अवस्थामा पदयात्रा पर्यटनलाई अघि बढाउन सरकारले यस क्षेत्रमा तत्काल थप खोपको व्यवस्था गर्नु आवश्यक भएको उहाँको भनाइ छ।

पोखरामा मात्रै पदयात्रा पर्यटनमा क्रियाशील एक सय ८० सदस्य कम्पनी छन् । कोरोना कहरका कारण अघिल्लो वर्षदेखि नै प्रभावित पदयात्रा पर्यटन अझै उठ्न सकेको छैन।

# तनहुँमा भदौ ७ सम्म निषेधाज्ञा

**पोखरापत्र संवाददाता**
**दमौली, १ भदौं**

तनहुँमा पुनः निषेधाज्ञा आदेश जारी गरिएको छ। प्रमुख जिल्ला अधिकारी सागर आचार्यले आजदेखि ७ गतेसम्मका लागि सो आदेश जारी गर्नुभएको हो।

जिल्ला कोभिड व्यवस्थापन समितिको आइतबार बसेको बैठकले कोरोनाको जोखिम अझै कायमै रहेको जनाउँदै यसअघि जारी निषेधाज्ञालाई निरन्तरता दिन सिफारिस गरेको थियो। कोभिड सङ्कट व्यवस्थापन समितिका संयोजक आचार्यले थपिएको निषेधाज्ञा पहिलाको भन्दा कडा हुने र उल्लङ्घन गर्नेलाई जरिवाना गरिने बताउनुभयो। पसल खोल्ने समय अहिले घटाएर बिहान ५ देखि १० बजेसम्म मात्रै खोल्न र व्यवसाय बिहान ११ बजेदेखि ६ बजेसम्म सञ्चालन गर्न दिइने तर अन्य क्रियाकलापमा भने पूर्णरूपमा प्रतिबन्ध लगाइएको छ।

जिल्लामा दिनदिनै कोरोना सङ्क्रमित बढ्दै गएका र अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ४७६ पुगेको छ । वैशाखदेखि यता चार हजार ६९७ जनामा सङ्क्रमण पुष्टि भएकामा चार हजार १२२ निको भएका र ९९ को मृत्यु भएको छ।

# छलफलपछि केसीका पूर्वघोषित कार्यक्रम स्थगित

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौं**

प्रधानमन्त्री शेरबहादुर देउवासँग मंगलबार भएको छलफलपछि चिकित्सा क्षेत्रको सुधारका लागि अभियान चाल्दै आउनुभएका डा गोविन्द केसीले आफ्ना पूर्वघोषित कार्यक्रम स्थगित गर्नुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार भएको छलफलपछि आफूले घोषणा गरेको अनशनलगायतका कार्यक्रम स्थगित गरेको डा केसीले जानकारी दिनुभयो। सार्वजनिक पदमा नियुक्त गर्दा हुने स्वार्थको द्वन्द्व रोक्न कानूनी व्यवस्था गर्ने, स्वास्थ्यराज्यमन्त्रीसँग जोडिएको विषयलाई उपयुक्त समयमा सम्बोधन गर्ने सहमति भएको डा केसीले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले आन्दोलन टुङ्ग्याउने क्रममा भएको सम्झौता कार्यान्वयन गर्न तथा सचिव बैकुण्ठ अर्याल कार्यदलको प्रतिवेदन कार्यान्वयनका लागि तत्काल सिनेट बैठक बोलाउने, पदाधिकारी नियुक्तिको मापदण्ड निर्धारण गर्न बनेका कार्यदलको प्रतिवेदनलाई कानूनी रुप दिन सम्बन्धित मन्त्रीको नियुक्ति हुनासाथ प्रक्रिया अगाडि बढाइने भएको छ।

# बाबुको पुण्यतिथिमा पोखरा वृद्धाश्रमलाई देउकुमारीद्वारा खाद्यान्न सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १ भदौ**

आफ्ना बाबु स्व. रामकृष्ण रानाको ४९ औं दिनको पुण्यतिथिमा समाजसेवी देउकुमारी थापाले पोखरा वृद्धाश्रममा खाद्यान्न र फलफूल सहयोग गर्नुभएको छ।



नेपाल मगर संघ, कास्कीकी जिल्ला सचिवालय सदस्य समेत रहनुभएकी समाजसेवी थापाले छोरी मेनुका थापासहित मंगलबार पोखरा-१७, महतगौंडा पुगी वृद्धाश्रममा खाद्यान्न र फलफूलसहित स्वास्थ्य सामग्री सहयोग गर्नुभएको हो। वृद्धाश्रमका कर्मचारी दीपक कुँवरलाई थापाले ती सामग्री हस्तान्तरण गर्नुभएको छ । थापाले वृद्धाश्रममा रहेका ५५ जना ज्येष्ठ नागरिकका लागि चामल, नुन, तेल, चिनी, अण्डा, फ्रुटीलगायतका खाद्यान्न, फलफूल र सेनिटाइजर, मास्कलगायतका स्वास्थ्य सामग्री सहयोग गर्नुभएको हो।

कोरोना महामारीका कारण वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकलाई भेला गरी कार्यक्रम गर्न नपाएपनि आफ्नो बाबुको पुण्यतिथिमा वृद्धाश्रममा सहयोग गर्न पाउँदा आफूलाई सन्तोष मिलेको थापाले बताउनुभयो । वृद्धाश्रमका कुँवरले महामारीका बेला पनि वृद्धाश्रमसम्म आएर सहयोग गरेकामा थापाप्रति आभारप्रकट गर्नुभयो। माछापुच्छ्रे गाउँपालिका-३, घलेखर्क, कास्कीनिवासी स्व. रामकृष्ण रानाको ९१ वर्षको उमेरमा असार १६ गते निधन भएको हो।






स्वास्थ्य नै ठूलो धन हो ।
कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, संक्रमितहरुको उच्च मनोवल राख्न हौसला प्रदान गरौं ।

- कोभिड-१९ संक्रमित बिरामीहरुलाई अपहेलना नगरौं ।
- बिरामीहरुको दैनिकीमा ध्यान दिऔं, उनीहरुसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं ।
- कोभिड-१९ संक्रमितहरुको उपचारमा खटिएका स्वास्थ्यकर्मी, सुरुक्षाकर्मीहरुको उच्च मनोबल कायम राख्न हौसला प्रदान गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# दल फुटाउने अध्यादेश फिर्ता गर

केपी शर्मा ओली नेतृत्वको सरकारले अध्यादेशको आडमा शासन चलाएको आरोप लगाउने कांग्रेस सभापति शेरबहादुर देउवा अहिले आफैंले नेतृत्व गरेको सरकारले सदन अन्त्य गरे लगत्तै अध्यादेश सिफारिस गरेको छ। विपक्षी नेकपा एमाले पार्टी विभाजन गर्न असाध्यै खुकुलो प्रावधानसहित अध्यादेश पारित गरेर राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ। अरुको पार्टी फुटाउने निहित उद्देश्य पूर्तिकै निम्ति संसद छलेर अध्यादेश ल्याउनु अनैतिक काम हो। प्रमुख प्रतिपक्षी दल एमाले विभाजन गरेर माधव नेपाल पक्षलाई सजिलो गरिदिने तत्कालीक उद्देश्य अध्यादेशले राखेको छ। चलिरहेको संसद अधिवेसन हठात् अन्त्य गरी अध्यादेशमार्फत कानून ल्याएर अलोकतान्त्रिक चरित्र उदांगो बनाएको छ, संसद र संसदीय प्रणालीको जननी दावी गर्नेले देखाएको व्यवहार बनावटी थियो भन्ने प्रमाणित भएको छ।

विगतमा आफैंले लिएका अडानहरूलाई आज उनीहरु विर्सेका छन्। मौसमअनुसार मत बदल्ने, स्वार्थ अनुसार अडान फेर्ने नेताका कारण देशले मुल्य चुकाउनु पर्छ। देउवा-प्रचण्डले हिजो लिएको अडान र आज चालेको कदममा चरम विरोधाभाष देखिएको छ। क्षणिक स्वार्थपूर्तिका लागि उनीहरूले आफ्नो राजनीतिक इमान नै दाउमा लगाएका छन्। ओलीमाथि वर्तमान सत्तारुढ गठबन्धनले लगाउँदै आएका आरोपहरुमध्ये एउटा थियो, संसद छलेर अध्यादेशमार्फत् शासन गर्न खोजेको। गठबन्धनका नताहरूले त्यसलाई 'प्रतिगमन' को संज्ञा दिने गरेका थिए। ओलीले गरेका गल्तिहरु सच्याउँदै शानदार शासन चलाएर देखाउने प्रतिवद्धतासहित देउवा प्रधानमन्त्री बनेका हुन्। तर, जुन अध्यादेश विगतमा ओलीले चौतर्फी विरोधपछि फिर्ता लिएका थिए, त्यसैलाई अझ विभत्स रूपमा देउवाले जारी गरेका छन्।

ओलीले ल्याएको अध्यादेश प्रतिगमन थियो भने यो कसरी अग्रगमन हो प्रश्नको जवाफ सत्ता गठबन्धनसँग खोजिने छ। अध्यादेशको विरोध गर्ने एमालेले विगतको गल्तीप्रति माफी माग्नुपर्छ। आत्मालोचनाबिनाको विरोधले ओलीमाथि पनि उही प्रश्न उठ्छ- आफूले निर्णय गर्दा सही, अर्कोले गर्दा गलत ? ओलीले तत्कालीन समाजवादी पार्टी फुटाउन ल्याएको अध्यादेशमा संसदीय दल वा पार्टीको केन्द्रीय समितिमध्ये एउटामा ४० प्रतिशत संख्या पुर्याएर दल विभाजन गर्न सकिने प्रावधान राखिएको थियो। तर, देउवाले ल्याएको अध्यादेशमा त्यो संख्या २० प्रतिशतमा झारिएको छ। शेर बहादुर देउवा कार्यकालमा देखिएको विसंगति अहिले दोहोरिनु बाह्र बर्ष कुकुरको पुच्छर ढुङ्गोमा राख्दा पनि बाङ्गाको बाङ्गै जस्तै हो।

नेपालमा यसै पनि दलहरु अत्यधिक भएर कोलाहल छ। भोलि ठूला दलहरु क्रमशः चोइटिदै संसदभित्रै टुक्रे पार्टीहरुको बिस्कुन लाग्न सक्ने परिस्थित अध्यादेशले निर्माण गरिदिएको छ। यसले नेपालको दलीय प्रणालीमा अस्थिरताको नयाँ श्रृंखला आरम्भ गर्न सक्छ। लोकतान्त्रिक प्रणालीलाई कमजोर बनाउँछ। देउवालाई, कुनै पनि बहानामा देशको राजनीतिक प्रणाली नै लथालिंग पार्ने गरी कानून तोडमोड गर्ने छुट छैन। देउवा स्वयम्का लागि पनि यो अध्यादेश आत्मघाति नहोला भन्न सकिन्न। एमाले फुटाउनका लागि उनले निकालेको अस्त्र भोली उनीतिरै फर्किन सक्छ। कांग्रेस सभापतिको भूमिकामा समेत रहेका देउवाले पार्टीलाई एकतावद्ध राख्न सकेका छैनन्। रामचन्द्र पौडेल उनका स्थायी प्रतिपक्षका रूपमा छन्।

पार्टीभित्र अनेकन गुट-उपगुट छन्। भोली कुनै गुटको नेताले २० प्रतिशतको संख्या निश्चित गरेर पार्टी फुटायो भने देउवासँग पछुताउनुको विकल्प हुँदैन। कांग्रेसका १३ जना सांसद मिलेर पार्टी फुटाउन चाहे भने यो अध्यादेशले बाटो खोल्नेछ। अझ माओवादी फुटाउन त ११ जना सांसद मिले पुग्छ। सरकारले जारी गरेको अध्यादेश राष्ट्रपतिबाट जारी हुन बाँकी छ। संवैधानिक प्रावधानअनुसार मन्त्रीपरिषदका निर्णयलाई अस्वीकार वा खारेज गर्न सक्ने अधिकार राष्ट्रपतिमा हुँदैन। यद्यपि, निर्णयमा पुनर्विचारका लागि एकपटक राष्ट्रपतिले सरकारलाई फिर्ता पठाउन सक्ने प्रावधान छ। हिजोका दिनमा ओली सरकारले निर्णय गरेलगत्तै विनासोचविचार त्यसमा लालमोहर लगाइदिएको भनेर विपक्षीहरुबाट राष्ट्रपतिको आलोचना भएको थियो। आज सत्तामा आएका उनीहरुले नै राष्ट्रपतिमाथि तत्काल प्रमाणीकरणका लागि दवाव थोपर्ने छन्। जे भए पनि विगतमा चरम विवादास्पद बनेको विषय भएको हुँदा राष्ट्रपतिबाट एकपटक पुनर्विचारको माग हुनु अपेक्षित छ। सर्वोच्च अदालतको फैसलालाई टेकेर यो अध्यादेशलाई तत्काल कार्यान्वयन गर्नुहुन्न।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मन चञ्चल | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शत्रुको भय |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शारीरिक झमेला | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# नयाँ गन्तव्यको प्रवर्द्धनमा अन्नपूर्ण

**–सन्तोष गौतम**
**म्याग्दी, १ भदौ (रासस)**

पुरानो पदमार्गलाई सडकले विस्थापित गरेपछि म्याग्दीको अन्नपूर्ण गाउँपालिका नयाँ गन्तव्यको पहिचान र प्रवर्द्धनमा जुटेको छ।

अन्नपूर्णको भूगोललाई समेटेको विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गको अन्धगल्छी-तातोपानी-घार-शिख-घोडेपानी-पुनहिल खण्डसडकले विस्थापित र छोटिएको छ। सडकले छोटिएको पदयात्रा र पर्यटकको बसाइ लम्ब्याउन नयाँ पर्यटकीयस्थल पहिचान, पूर्वाधार निर्माण र प्रवर्द्धनमा जोड दिएको गाउँपालिकाका अध्यक्ष डमबहादुर पुनले बताउनुभयो।

"कोभिडपछिको पर्यटनका लागि भर्जिन गन्तव्य पहिचान गरेका छौं", उहाँले भन्नुभयो, "नयाँ गन्तव्यमा पूर्वाधार निर्माणसँगै प्रवर्द्धनमा जोड दिएका छौं।" अन्नपूर्ण आधार शिविर जोड्ने "मौरिज हर्गोज", खयर-खोपारा, नारच्याङ र महभिर झरना, जलजले-फगाम-मोतिचौर बराह-धवलागिरि आधार शिविर, करबाकेली, बयली, मोहरेडाडा, प्यारीबाराही, कालीबराह ताल, फूलबारी, गुराँसपार्क, मुन्द्रा चढाउने डाँडा, नागी, टिकोट, पाउद्धार, सेकार्कु, रातोपानी कुण्ड अन्नपूर्णका नयाँ पहिचान भएका गन्तव्य हुन्। संसारकै गहिरो अन्धगल्छी, रुप्से झरना, भुरुङ-तातोपानी, घोडेपानी, पुनहिल, अन्नपूर्ण-धवलागिरि पर्यावरणीय सामुदायिक पदमार्ग अन्नपूर्णका स्थापित पर्यटकीय गन्तव्य हुन्।

### सामुदायिक लजको क्षमता विस्तार

प्राकृतिक दृश्यावलोकन गर्न सकिने अन्नपूर्ण गाउँपालिकाको मोहरेडाँडा र खोपारामा रहेको सामुदायिक लजको क्षमता बढाइएको छ। अन्नपूर्ण-धवलागिरि सामुदायिक पदमार्गअन्तर्गत पर्ने दुई ठाउँमा २०/२० जना क्षमताको लज थिए। पाहुनाको चाप बढेपछि मोहरेडाँडामा गाउँपालिका र पर्यटन मन्त्रालयले रु एक करोड ५० लाख लगानीमा तीनवटा र खोपारामा गण्डकी प्रदेश सरकारको रु २० लाख लगानीमा एक आठकोठे आश्रयस्थल भवन निर्माण भएको छ। क्षमता विस्तार र सुविधा थपेर सामुदायिक लजको स्तरोन्नति भएपछि मानब बस्तीदेखि टाढा रहेको मोहरेडाँडामा पर्यटकले बास नपाएर दुःख पाउने समस्या हटेको मोहरेडाँडाको सामुदायिक लजका कर्मचारी नगेन्द्र गर्बुजाले बताउनुभयो।

### मौरिज हर्गोज पदमार्ग सञ्चालन

अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेर आठ हजार मिटरभन्दा अग्ला हिमालमा पहिलो मानव पाइला पारेका फ्रान्सका मौरिज हर्गोजको नाममा अन्नपूर्ण गाउँपालिका-४ नारच्याङदेखि अन्नपूर्ण आधार शिविर जोड्ने पदमार्ग सञ्चालन भएको छ। मौरिजको नामबाट नामाकरण भएको यस पदमार्गमा पर्यटन मन्त्रालयले रु दुई करोडभन्दा बढी लगानीमा गत आर्थिक वर्षमा पदमार्ग बनाएको छ।

पदमार्ग खुलेपछि आरोही र पर्यटकका खाद्यान्न, बन्दोबस्तीका सामान भरियाले लैजान थालेका छन्। यसअघि हेलिकोप्टर चार्टर गरेर लैजानु पर्दथ्यो। आधारभूत स्तरको पदमार्ग, खोलामा पुल, बस्नका लागि आश्रयस्थल र नक्सा तयार पारिएको नारच्याङ-अन्नपूर्ण आधार शिविर जोड्ने मौरिज हर्गोज पदमार्गको प्रचारप्रसारका लागि गत वर्ष नारच्याङमा प्रथम अन्नपूर्ण पर्यटन महोत्सव सञ्चालन भएको वडाध्यक्ष चन्द्रप्रकाश फगामीले बताउनुभयो।

### गुराँस पार्क स्थापना

राष्ट्रिय फुल गुराँसको संरक्षण र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले अन्नपूर्ण गाउँपालिका-७ फूलबारीमा गुराँस पार्क (उद्यान) स्थापना गरेको छ। अन्नपूर्ण गाउँपालिकाको वडा नं ५, ६, ७ र ८ मा पर्ने बयली, घोडेपानी, फूलबारी, मोहरेडाँडा क्षेत्रमा गण्डकी प्रदेशमै ठूलो लालीगुराँसको जङ्गल भएको दाबी गरिएको छ।

डिभिजन वन कार्यालय म्याग्दीको रु १० लाख अनुदान सहयोगमा नेसरानी सामुदायिक वन उपभोक्ता समूहले २० रोपनी पाखो सम्याएर घेराबार गरी नेपालमा पाइनै सबै ३१ प्रजातिका गुराँसको बगैंचा र सूचना केन्द्रका लागि परम्परागत शैलीको गोलघर र सार्वजनिक शौचालय निर्माण गरी पार्क बनाएका हुन्। समूहका अध्यक्ष लालबहादुर गर्बुजाले गुराँसको अध्ययन तथा सूचना केन्द्रको रूपमा विकास गर्ने लक्ष्य राखिएको पार्कबाट पृष्ठभूमिमा हिमशृङ्खलाको मनोरम दृश्यावलोकन गर्न सकिने बताउनुभयो।

### साइकल र घोडा मार्ग

अन्नपूर्ण-६ मा पर्ने घोडेपानीदेखि वडा नं ७ को प्यारीबाराही ताल जोड्ने साइकल, पोन्नी 'ट्रेल' (घोडा मार्ग) निर्माण भएको छ। उपभोक्ता समितिका अध्यक्ष सुशील पुनले प्रदेश सरकारको रु २० लाख सहयोगमा गत आर्थिक वर्षमा फरक-फरक ठाउँमा डेढ मिटर फराकिलो तीन/तीन किलोमिटरको साइकल र घोडा मार्ग निर्माण गरेको जानकारी दिनुभयो।

"मार्गको कालीसारमा चरा अवलोकनस्थल र भालखारामा पर्यटक चढ्ने घोडा बाँध्ने तबेला निर्माण भएको छ", उहाँले भन्नुभयो, "घोडेपानीबाट पर्यटकहरू घोडा र साइकल दुवै चढेर प्यारीबाराही ताल जान तथा आउन सक्छन्।" जङ्गलको बीचमा करिब २०० मिटर लम्बाइ र १०० मिटर चौडाइमा गोलो आकारमा फैलिएको हिमालको छायाँ देखिने तालमा जनैपूर्णिमा पर्वमा पूजाआजा गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वास छ।

### घोडेपानी-पुनहिलमा पूर्वाधार थपियो

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालका १०० वटा स्थापित पर्यटकीय गन्तव्यमा सूचीकृत गरेको घोडेपानी-पुनहिल क्षेत्रमा निजी क्षेत्र, समुदाय र सरकारी तबरबाट करोडौँका पूर्वाधार निर्माण भएका छन्। चित्रे हुँदै घोडेपानी जोड्ने चार किलोमिटर सडक ग्राभेल भएको छ। पोखरेबगरबाट चित्रे जोड्ने १८ किलोमिटर सडक कालोपत्र गर्न रु २७ करोडको आयोजना सञ्चालन गरेको छ।

घोडेपानी र त्यहाँदेखि दृश्यावलोकनस्थल पुनहिल जाने पदमार्गमा २३ वटा सोलार बत्ती जडान गरेर रातको समयमा उज्यालो बनाइएको छ। पानी र हिउँ परेको अवस्थामा सुरक्षितरूपमा बसेर दृश्यावलोकन गर्ने सुविधाका लागि पुनहिल परिसरमा तीनकोठे आश्रयस्थलको पक्की भवन निर्माण भएको छ। घोडेपानीको मगर सङ्ग्रहालयको पक्की भवन निर्माण भएको छ। पुनहिल हुँदै मोहरे, घोडेपानीबाट चित्रे, खिवाङ र घान्द्रुकतर्फ जाने करिब दुई किलोमिटर पदमार्ग निर्माण भएको छ। घोडेपानीका व्यवसायीले सहरबजारमा जस्तै पक्की घर र होटललाई सुविधायुक्त बनाउने प्रतिस्पर्धा चलेको छ। छ वर्षअघि घोडेपानीका होटलको क्षमता दैनिक ५०० जनाको हाराहारीमा थियो। होटलको क्षमता बढाएर एक हजार जनाभन्दा बढी पुर्‍याएको होटल व्यवस्थापन उपसमितिका उपाध्यक्ष मीना पुनले बताउनुभयो।

### नयाँ पदमार्गमा पूर्वाधार

पाउद्धार पर्यटन सहकारी संस्थामार्फत कालीगण्डकी नदी किनारमा रहेको पाउद्धार तातोपानी कुण्डबाट भालखरा, खोपारा, खयरताल, खोपारा, लरेनी हुँदै पाउद्धार जोड्ने पाँच दिनको पदमार्गको अध्ययन र आधारभूत पूर्वाधार निर्माण सुरु भएको छ। पर्यटनको लाभ समुदायमा पुर्‍याउन नेपालमै पहिलोपटक नयाँ अवधारणामा खोपारामा ४० जना क्षमताको होटल सञ्चालन गरेको छ। गाउँपालिकाले विनियोजन गरेको रु २० लाख बजेटबाट गत आर्थिक वर्षमा खोपारा, खयर, ढाडखर्क, किन्दु क्षेत्रमा पदमार्ग निर्माण भएको वडाध्यक्ष राजेश तिलिजाले बताउनुभयो। रघुगङ्गा गाउँपालिकास्थित धवलागिरि हिमालको दक्षिणी आधार शिविर जोड्ने पदमार्ग पहिचान गरेर गत आवमा रु १० लाख बजेटबाट जलथलेबाट फगामसम्म एक किलोमिटर ५०० मिटर पदमार्ग निर्माण भएको छ। दानाका बासिन्दाले भेडाबाख्रा र गाईभैंसीको गोठ लेक-बैंसी गराउन प्रयोग गरेको परम्परागत बाटोलाई पर्यटन पदमार्गमा रुपान्तरण गर्न लागिएको हो। पदमार्गमा पर्ने धार्मिकस्थल मोतिचौर बराहमा गाउँपालिका र समुदायको रु २० लाख लगानीमा १०८ धारा निर्माण भएको छ। भुरुङ-तातोपानीमा आउने पर्यटकको बसाइ लम्ब्याउन मान्द्रेढुङ्गा हुँदै बराह गुफाबाट तीन हजार ४०० मिटर उचाइमा अवस्थित मुन्द्रा चढाउने डाँडासम्म जोड्ने पदमार्ग निर्माण भएको छ। वडाध्यक्ष ओमप्रकाश फगामीले आव २०७७/७८ मा गाउँपालिकाले विनियोजन गरेको रु १० लाख बजेटबाट दुई किलोमिटर ५०० मिटर पदमार्ग निर्माण भएको जानकारी दिनुभयो। प्राकृतिक उपचार र पर्यटकीयस्थलका रूपमा विकास गर्न पोखरेबगरको रातोपानी, पाउद्धार र भुरुङको तातोपानी कुण्डमा स्नानस्थल, नदी नियन्त्रण, पोखरी र टहरा निर्माण गरेको छ।

गत आवमा रु १७ लाख ७४ हजार लगानीमा रातोपानी कुण्डको कालीगण्डकी किनारमा पक्की पर्खाल र शरीर डुबाएर स्नान गर्न सकिने पोखरी बनाएर ट्रस पाइप राखेर जस्ताले छाइएको छ। गाउँपालिकाका इञ्जीनियर ईश्वर भण्डारीले पाउद्धार-तातोपानी कुण्डमा रु १४ लाख ६८ हजारमा दुईवटा पोखरी, भित्तामा टायल राख्ने र ट्रसले छाएको टहरा निर्माण भएको जानकारी दिनुभयो।

पाउद्धार-तातोपानी कुण्ड व्यवस्थापन तथा संरक्षण समितिले थप नयाँ टहरा, सानो पोखरी, विश्रामस्थल, शौचालय र पोखरीको भुइँमा ढुङ्गा बिछ्याएको छ। दोवाको सेकार्कु तातोपानी कुण्ड संरक्षण र त्यहाँसम्म पुग्ने सडक तथा पदमार्ग निर्माण भएको छ। गत आवमा गाउँपालिकाको रु पाँच लाख सहयोगमा भुरुङ-तातोपानी कुण्डमा स्नानस्थल, तातोपानीको मुहान संरक्षण र पोखरी परिसरमा घेराबारलाई व्यवस्थित गरिएको छ। नयाँ पर्यटकीय गन्तव्यस्थलका रूपमा परिचित नारच्याङ झरनाको फेदीसम्म पुग्ने पदमार्ग निर्माण भएको छ।

### सङ्ग्रहालय तयार

अन्नपूर्ण गाउँपालिका-८ काफलडाँडामा करबाकेली बाबा संरक्षण समितिको अगुवाइमा म्याग्दीको पहिचान झल्काउने सङ्ग्रहालय स्थापना भएको छ। समितिका संरक्षक चामबहादुर पुनले लोप हुन लागेका परम्परागत सामग्रीको संरक्षण र पर्यटन विकास गर्ने उद्देश्यले चन्दा सहयोग जुटाएर सङ्ग्रहालय स्थापना गरिएको बताउनुभयो। "कला, संस्कृति, जनजीवन र पहिचान झल्काउने सामग्रीलाई लोप हुन नदिन संरक्षणका साथै पर्यटक भित्र्याउने उद्देश्य राखेका छौँ", उहाँले भन्नुभयो, "दैनिक जीवन, रीतिरिवाज, संस्कृति र रहनसहनमा आधारित सामग्री सङ्कलन गरेर राख्न थालेका छौँ।" सङ्ग्रहालय स्थापना गर्न करबाकेलीमा परम्परागत शैली र प्रविधिको प्रयोग गरेर दुईतले भवन निर्माण भएको छ। ढुङ्गा, माटो, चुना, सिमेन्ट, बालुवा, काठ प्रयोग गरेर मौलिकता झल्कने आकर्षक दुईतले भवन निर्माण भएको हो। भवन निर्माण र सामग्री खरिदमा हालसम्म करिब रु ६८ लाख खर्च भएको करबाकेली संरक्षण समितिले जनाएको छ।

# सिद्धगुफाको पूर्वाधार निर्माणमा सहयोग गरिने

**पोखरापत्र संवाददाता**
**दमौली, १ भदौ**

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले दक्षिण एशियाकै दोस्रो ठूलो भनिएको सिद्धगुफा अवलोकन गर्नुभएको छ।

सोमबार अवलोकन गर्नुभएका उहाँले बन्दिपुर गाउँपालिका-४ बिमलनगर नजिकैको गुफा अत्यन्तै आकर्षक, ऐतिहासिक, कलात्मक र सडक पहुँचबाट नजिक रहे पनि प्रचारप्रसारको कमीले ओझेलमा परेको बताउनुभयो। मन्त्री कँडेलले गुफा नजिकै रहेको भगवान् शिवको मूर्ति स्थापना गर्न प्रदेशबाट सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो।

पृथ्वी राजमार्गको डुम्रेबाट दुई किलोमिटर पूर्व र समुद्री सतहबाट ६०० मिटरमाथि रहेको गुफा विसं २०४४ चैत १३ मा स्थानीयवासीले पत्ता लगाएका थिए। गुफा करिव तीन हजार ५०० वर्ष पुरानो मानिएको छ। यसैगरी बिमलनगरस्थित रक क्लाइम्बिङ पनि अवलोकन गर्नुभएका उहाँले साहसिक खेलबाट पनि आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने बताउनुभयो।

# 'ट्री हाउस' बन्द

**पोखरापत्र संवाददाता**
**दमौली, १ भदौ**

कोरोनाको जोखिम बढेपछि तनहुँको म्याग्दे गाउँपालिका-२ स्थित ज्यानटाङ सामुदायिक वनमा निर्माण गरिएको हरियाली पार्क सहितको ट्रि हाउस बन्द गरिएको छ। पछिल्लो समय चर्चित यस स्थलमा आन्तरिक पर्यटकको घुइँचो लाग्न थालेकाले जोखिम बढ्न नदिन केही समयका लागि बन्द गर्ने निर्णय गरिएको हो।

जिल्ला प्रशासन कार्यालयको निर्देशनमा अर्को सूचना जारी नभएसम्मका उक्त स्थल बन्द गर्ने निर्णय गरिएको सामुदायिक वनका अध्यक्ष ईश्वर रानाभाटले जानकारी दिनुभयो। ट्रि हाउसमा बिदाका दिनमा चार-पाँच सय र अन्य दिन एक सय आन्तरिक पर्यटक पुग्ने गरेका थिए। डिभिजन वन कार्यालयको रु १२ लाख ५० हजारको लागतमा उद्यान सहितको 'ट्रि हाउस' निर्माण गरिएको थियो। रुखमाथि बनेको घर जिल्लाकै नयाँ पर्यटकीय गन्तव्य हो।

पृथ्वीराजमार्गबाट दुई सय मिटरको दूरीमा रहेको उक्त ठाउँलाई पर्यटकीयस्थल बनाउन उद्यानका साथै रुखमा घर बनाइएको थियो। रुखलाई भित्र पारेर निर्माण गरिएको दुई तहको काठको घरबाट दृश्यावलोकन गर्न सकिन्छ। राजमार्गबाट नजिकै भएकाले पनि यस ठाउँले चर्चा पाएको हो।

# एक हप्तादेखि उठेन फोहर

**पोखरापत्र संवाददाता**
**दमौली, १ भदौ**

सदरमुकाम दमौलीमा एक हप्तादेखि फोहर नउठ्दा बजार क्षेत्र दुर्गन्धित हुन थालेको छ। व्यास नगरपालिका-१ चारकुनेमा अस्थायीरूपमा निर्माण गरिएको ल्याण्डफिल्ड साइट भरिएपछि दमौली बजारको फोहर उठाउन नसकिएको हो।

नगरपालिकाले फोहर विसर्जन गर्दै आएको वडा नं ३ स्थित भतेरीमा गतवर्ष मादी नदीले कटान गरिदिएपछि चारकुनेका रामदेव पन्थको जग्गा भाडामा लिएर त्यहाँ नकुहिने फोहर विसर्जन गर्न थालिएको थियो। कुहिने फोहरलाई भने वडा नं १० मै मल उत्पादनका लागि प्रयोगमा ल्याउने गरिएको छ। "अस्थायी रूपमा निर्माण गरिएको ल्याण्डफिल्ड साइट भरिएपछि अहिले फोहर उठाउन कठिन भएको छ," नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले भन्नुभयो, "ठाउँ खोजेर फोहर उठाउने प्रयास गर्दैछौं।" उहाँका अनुसार वडा नं १३ मा फोहर विसर्जनका लागि ठाउँ हेर्नाका साथै स्थानीयबासीसँग छलफल पनि भइरहेको छ।

वडा नं १ को भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पस नजिकै बुल्दीखोलाको आसपासमा पनि फोहर विसर्जनका लागि नगरप्रमुखले ठाउँ हेर्नुभएको प्रशासकीय अधिकृत सिग्देलले बताउनुभयो। नगरपालिकाको बजार क्षेत्रबाट दैनिक ११ टन फोहर सङ्कलन हुँदै आएको छ।

# कोभिडविरुद्धको खोप शीघ्र व्यवस्था गर्न पर्यटन व्यवसायीको माग

**रासस**
**काठमाडौं, १ भदौ**

पर्यटन क्षेत्रका अगुवा सङ्गठनले सबै नागरिकलाई कोभिड-१९ विरुद्धको खोपको शीघ्र व्यवस्था गरी नागरिकलाई सुरक्षित गर्न सरकारसमक्ष माग गरेका छन्। ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल टान, नेपाल एशोसिएशन अफ टूर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा), होटल सङ्घ, पर्वतारोहण सङ्घ, लगायत १२ भन्दाबढी संस्थाले आज स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठसँग उहाँकै कार्यकक्षमा भेट गरी कोभिड महामारीबाट बच्ने एकमात्र प्रमुख आधार नै खोप भएकाले खोपको सुनिश्चितता गर्न आग्रह गरेका हुन्। साथै व्यवसायीले पर्यटन क्षेत्रका सङ्घ संस्थाका तर्फबाट स्वास्थ्यराज्यमन्त्री श्रेष्ठलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन्।

व्यवसायीले राज्यमन्त्री श्रेष्ठलाई तीन बुँदे संयुक्त मागपत्र बुझाउँदै देशभरीका पर्यटकीय गन्तव्यमा अग्रपङ्क्तिमा खटिएका पर्यटन सेवा प्रदायक एवं सम्बन्धित क्षेत्रका कामदार, कर्मचारी तथा सरोकारवालालाई कोभिडविरुद्धको खोप ३० दिनभित्र उपलब्ध गराउन माग गरेका छन्। कोभिडविरुद्धको खोपको मात्रा पूरा गरेर आउने विदेशी पर्यटकलाई क्वारेन्टिनमा बस्न नपर्ने तथा तथा पीसीआर परीक्षणको व्यवस्था त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललगायत नेपाल प्रवेश बिन्दुहरूमा व्यवस्था गरी पोजेटिभ केसलाई मात्र क्वारेन्टिनमा बस्नुपर्ने व्यवस्था मिलाउन अनुरोध गरिएको छ।


**बिमालेख हरायो**

यहि मिति २०७८/३/२५ गते पोखरा १७ ड्यामसाइडदेखि पृथ्वीचोक जाने क्रममा गुराँस लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारी गरिएको निम्न विवरणको बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको शाखा कार्यालय वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध छ।

१. निनु के.सी. बिमालेख नं.: ६११०००२२८

सम्पर्क

गुराँस लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रिय कार्यालय, पोखरा
०६१-५२४४२०, [illegible]

# अफगानिस्तानमा दुई दशकपछि तालिबानको पुन:आगमन

–मोहिनी मिश्र रिसाल
काठमाडौं, १ भदौ

अफगानिस्तानको सत्ता सन् १९९६ देखि २००१ सम्म तालिबान लडाकू समूहले कब्जामा लिएका थिए । सोभियत सङ्घ फर्किएपछि सन् १९९० को दशकमा कट्टरपन्थी धार्मिक अभियान तालिबान सुरु भएको थियो । दक्षिणपश्चिमबाट आफ्नो प्रभाव विस्तार गरेको तालिबानले १९९५ मा इराकसँग सीमा जोडिएको हेरात प्रान्त नियन्त्रणमा लिएका थिए । त्यसको एक वर्षमै राजधानी काबुल नियन्त्रणमा लियो र राष्ट्रपति बुरानुद्दिन रब्बानीलाई हटाएर शासन सत्ता हातमा लिएका थिए ।

इस्लामिक गणतन्त्र अफगानिस्तानलाई सरकारविरोधी तालिवानी लडाकूले धेरै वर्षदेखि युद्धभूमि बनाएका थिए । सन् २००१ देखि सुरु भएको तालिवानी लडाकूको हत्या-हिंसाको शृत लाले अब विश्राम पाउला कि भन्ने आशामा जनता रहेका थिए । सन् २००१ अक्टोबर ७ बाट फेरि 'अफगान युद्ध' आरम्भ भएको थियो । अमेरिकाको न्युयोर्कस्थित विश्वप्रसिद्ध ट्विन टावर मा सन् २००१ को सेप्टेम्बर ११ मा भएको आतङ्ककारी आक्रमण र आगलागीबाट सो टावर धराशायी भएपश्चात सो हमलाका दोषी मानिएका अल-कायदाका प्रमुख ओसामा बिन लादेनलाई खोज्न अफगानिस्तानमा अमेरिकी सेना भित्रिएका थिए ।

त्यसपछि सन् २००१ को डिसेम्बर २२ मा हमिद कारजाई अफगानिस्तानको अन्तरिम राष्ट्रपति हुनुभएको थियो । सन् २००१ को डिसेम्बरमा जर्मनीमा अफगानिस्तान सम्बन्धी भएको अन्तर्राष्ट्रिय सम्मेलनले अफगानिस्तनका प्रभावशाली राजनीतिज्ञहरु मध्येबाट हमिद काइजाइलाई छ महिनाको लागि अन्तरिम राष्ट्राध्यक्ष्य बनाइएको थियो । त्यसपछि उहाँको कार्यकाल २ वर्ष थपगरी २००४ सम्म अन्तरिम राष्ट्रपति बनाइएको थियो । सन् २००४ र २००९ मा भएको राष्ट्रपतीय निर्वाचनबाट उहाँ राष्ट्रपतिमा निर्वाचित भई २०१४ सेप्टेम्बरसम्म राष्ट्रपतिको रुपमा रहनु भयो । उहाँपछि अहिलेका राष्ट्रपति असरफ घानी २०१४ र २०१९ मा राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो । प्रजातान्त्रिक प्रक्रियाबाट विश्वमा आफ्नो नाम स्थापित गराएको अफगानिस्तानमा पुनः तालिबान सशस्त्र लडाकू समूहको आगमन भएको छ । तालिबानले अफगान जनतालाई नडराउन भनिए पनि जनता डराएका छन् । विमानस्थलमा देश छोडी भाग्नेहरुको लाइन लामो छ । विश्वले नै अफगान जनतालाई यहाँबाट विदेश जान दिन तालिवानलाई आग्रह गरेका छन् । अमेरिका, बेलायत अष्ट्रेलियालगायत ६० देशले संयुक्त विज्ञप्ति निकाल्दै अफगान जनतालाई शरण दिन तयार भएको बताएका छन् । हाल




अफगानिस्तानको प्रायः प्रान्तीय राजधानीलाई कब्जा गर्दै दुई दशकपछि तालिबानको पुनः आगमन भएको हो । अफगानिस्तानको एकपछि अर्को सहर तालिबानका लडाकू राजधानी काबुल कब्जा गरेपछि राष्ट्रपति असरफ घानीलगायत सरकारका उच्चस्तरीय व्यक्तिहरुले देश छाडेका छन् । राष्ट्रपति घानी सरकारसामु तालिबानसँग संघर्ष गर्ने वा आत्मसमर्पण गर्ने मात्र बाटो थियो । तालिबानले अफगानिस्तानको ३४ ओटा प्रान्तमध्ये प्रायः प्रान्तीय राजधानी आइतबारसम्म कब्जा गरिसकेका थिए । आइतबार दिउँसैदेखि तालिबानी लडाकूहरु राजधानी काबुल प्रवेश गरेका थिए । काबुलस्थित राष्ट्रपति कार्यालयमा नै तालिबान लडाकूहरु प्रवेश गरिसकेका छन् । अफगानिस्तानमा रहेका सबै अमेरिकी सेनालाई आउँदो ११ सेप्टेम्बरसम्म त्यहाँबाट घर फर्काउने घोषणा हालै अमेरिकी राष्ट्रपति जो बाइडेनले गर्नु भएको थियो । तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यु बुसले २० वर्षअघि ह्वाइट हाउसको जुन हलबाट विश्वमा आतंकवाद विरुद्धको युद्धको घोषणा गर्नु भएको थियो, सोही हलबाट राष्ट्रपति जो बाइडेनले अमेरिकी सेना फिर्ता गर्ने घोषणा गर्नु भएको थियो । यसरी अमेरिकामा प्रवेश गरेका नेटो सैनिकलाई उनीहरु त्यहाँ पठाइएको २०औँ वर्षगाँठ पारेर फिर्ता गर्न लागिएको थियो । यो घोषणाले अमेरिकी कूटनीतिक वृत्तमा नयाँ बहस शुरु भएको थियो । कतिपयले यसलाई विवादास्पद पनि भनेका थिए । आतंकवादका विरुद्धमा अफगानिस्तानमा के पर्याप्त सुरक्षा छ भन्ने प्रश्न पनि उठेको थियो । एकातर्फ अफगान सरकार तथा तालिबानबीचको शान्ति प्रक्रिया शुरु भएको भए पनि टुंगोमा पुग्न सकेको थिएन । यो शान्ति वार्ता सफल भएपछि अमेरिकी सेना फर्कने कुरामा सहमति भएको भए राम्रो हुने बताइएको थियो । तर त्यो सम्भव हुन सकेन । अमेरिकी सेना फर्काइएको ४५ दिनमा अफगान सरकार ढलेको छ । अमेरिकामा केही महिना मात्रअघि त्यहाँको अमेरिकी गुप्तचर एजेन्सीको प्रतिवेदनले अन्तर अफगान शान्ति सम्झौता बिना नै सेना फर्काउँदा केही वर्षभित्र नै काबुलमा अहिलेको सरकार नरहने र यसले गर्दा फेरि देशमा अल कायदाको उदय हुन पनि सक्ने देखाएको थियो । अहिले सशस्त्र लडाकू समूह तालिबानको उदय भएको छ । वर्तमान राष्ट्रपति जो बाइडेन अफगानिस्तानमा सधैँ युद्ध मात्र गरिरहने होइन भन्ने पक्षमा रहनुभएको थियो । त्यसैले पनि बाइडेनले सेनाको बर्हिगमनको समयसीमा अब नलम्ब्याउने बताउनु भएको हो । अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको समयमा तालिबानसँग सन् २०२१ को मे १ सम्म अमेरिकी सेना फर्काउनुपर्ने सहमति भएको थियो । ट्रम्पको यही सम्झौतालाई बाइडेनले निरन्तरता दिनु भएको हो । यस अवधिभित्र सेना फिर्ता नगरिए युद्ध सुरु हुन पनि सक्ने चेतावनी तालिवानले बारम्बार दिने गरेका थिए । अमेरिकी इतिहासमै अमेरिकी फौज कुनै मुलुकमा झण्डै २० वर्ष बसेको यो पहिलो घटना हो । कतिपयले अमेरिकी सेनाको अफगानिस्तानबाट फिर्ती भएसँगै तालिबानको विजयका रुपमा पनि लिएका छन् ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले अफगानिस्तानमा जारी रहेको युद्धको अन्त्यको घोषणा गर्दै त्यहाँ रहेका अमेरिकी सेना मे १ तारिखदेखि नै अमेरिकी फौज फिर्ता गर्ने प्रक्रिया शुरु गर्न भन्नु भएको थियो । सन् २००१ मा अमेरिकी हवाई हमला घोषणा गरिएको ह्वाइट हाउसको कक्षबाट उहाँले सो कुराको घोषणा गर्नु भएको थियो । उहाँले भन्नु भएको थियो- यो अमेरिकाको सबैभन्दा लामो युद्ध अन्त्य गर्ने बेला हो र यसै अनुसारको निर्णय हामीले अब गरिसकेका छौँ । अमेरिकी अधिकारीहरूका अनुसार सन् २००१ को सेप्टेम्बर ११ मा अमेरिकाको वर्ल्ड ट्रेड सेन्टरमा भएको आतंकवादी हमलाको २० औं वार्षिकी पारेर सैनिकहरूलाई फिर्ता ल्याउन लागिएको हो । अमेरिकी राष्ट्रपति बाइडेनको यो घोषणासँगै सेप्टेम्बर ११ अघि नै सबै अमेरिकी सैनिकले अफगानिस्तान छाड्ने भएका थिए । बाइडेनको सो घोषणको बेलामा अफगानिस्तानमा नौ हजार ६०० नेटो सैनिक रहेका छन् । ती नेटो सैनिकमध्ये कम्तीमा पनि २ हजार ५०० जना अमेरिकी सेना रेहका छन् । तर पनि अफगानिस्तानमा रहेका अमेरिकी सैनिकको संख्या भने समय समयमा थपघट भइरहने गर्दछ । तर पनि अमेरिकी सञ्चारमाध्यमहरूले भने अहिले अफगानिस्तानमा रहेको अमेरिकी सेनाको कूल संख्या ३ हजार ५०० को नजिक रहेको जनाएका छन् । राष्ट्रपति बाइडेनले अफगानिस्तानमा २ हजार ४८८ जना अमेरिकी सेनाको यस लामो युद्धका क्रममा निधन भएको जानकारी पनि दिनु भएको थियो । साथै उहाँले यस युद्धका क्रममा २० हजार भन्दाबढी अमेरिकी सेना घाइते भएका पनि जानकारी दिनु भएको थियो । विदेशी सेनाले अफगानिस्तान छाडे पनि लडाइँ जारी राख्ने तालिबानले बताउँदै आएका थिए । सोही समयमा राष्ट्रिय गुप्तचर निकायले सार्वजनिक गरेको मूल्याङ्कन प्रतिवेदनमा तालिबान समूह आफूले सैन्य विजय हासिल गर्नसक्ने खतरा देखाएको थियो ।

अफगान नागरिकले युद्धबाट ठूलै क्षति व्यहोर्नु परेको छ र खासगरी अफगान महिलामा तालिबानको सक्रियता र उदयले थप त्रास उत्पन्न गराएको छ । अफगानिस्तानमा सुन्नी इस्लामको बाहुल्यता छ । तालिबान समूहलाई परास्त गर्न भन्दै एक दशकअघि अफगानिस्तानमा अमेरिकी सेनाको संख्या एक लाखको हाराहारीमा थियो । तर पूर्वराष्ट्रपति ट्रम्पको कार्यकालमा यो संख्या ३ हजार ५०० मा आइपुगेको छ । उता दक्षिण एसियाली देश अफगानिस्तानमा शान्ति सुरक्षा प्रदान गर्ने काममा खटिइरहेका नेटो सैनिकले सन् २०१४ को अन्त्यमा अफगानिस्तान छोडेपछि त्यहाँको सुरक्षा व्यवस्था कमजोर हुँदै गइरहेको पनि कतिपयको भनाई छ । सन् २००१ मा अमेरिकाको न्युयोर्कस्थित ट्वीन टावरमा अल कायदाको आतङ्ककारी आक्रमणमा सयौँ निर्दोष व्यक्ति मारिएपछि उक्त सञ्जालका नेता ओसामा बिन लादेनलाई खोजी गर्ने क्रममा अमेरिकी नेतृत्वमा नेटो सेना अफगानिस्तान प्रवेश गरेको थियो ।

मध्य तथा दक्षिण एसियाली क्षेत्रमा विगत कम्तीमा पनि दुई दशकभन्दा बढी समयदेखि अत्यन्त अशान्त रहेको देश अफगानिस्तानबाट सन् २०१४ को डिसेम्बर ३१ बाट नेटो आवद्ध प्रायः सैनिक फर्किएका थिए । नेटो सैन्य बलको फिर्तीसँगसँगै अफगानिस्तानमा मात्र नभएर दक्षिण एसियामा नै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भोलिको अफगानिस्तानको सुरक्षा अवस्थालाई लिएर चिन्ता छाएको थियो । आज आएर अफगानिस्तानलाई लिएर विश्वको यो चिन्ता सत्यतामा परिणत भएको छ । युद्ध सकिएको तथा देशको सुरक्षा अब अफगानिस्तानी सेना स्वयंले गर्न सक्ने नेटो सैन्यबल फर्किए पनि त्यहाँ केही अमेरिकी सेनालाई थप केही समय फिर्ता नलग्ने निर्णय गरिएको थियो । ती सैनिकलाई युद्ध गर्न मैदानमा भने नखटाइने तर अफगानिस्तानी सैनिकलाई युद्धकला सम्बन्धी तालिम, सल्लाह र सहयोग मात्र गरिने घोषणा भएको थियो । अफगानिस्तानबाट अमेरिकी सैनिक फिर्ता भएको ४५ दिनमा तालिबान लडाकूले यता देशै कब्जा गरेका छन् ।

# स्थानीयवासीको सक्रियतामा लिफ्टमार्फत खानेपानी

पोखरापत्र संवाददाता
बागलुङ, १ भदौ

बागलुङ नगरपालिकाको बजार क्षेत्रभित्रै खानेपानीको चरम अभाव खेप्दै आएका उपल्लो पाखाथरका ५० घरमा खानेपानीको सहज सुविधा पुगेको छ ।

लामो समयदेखि बत्ती मुनीको अँध्यारोजस्तै बनेर खानेपानीको समस्या भोग्दै आएका उपल्लो पाखाथरका स्थानीयवासीले आफैँ जागरुक भएर खानेपानी योजना सम्पन्न गरेका छन् । यसमा बागलुङ नगरपालिकाले पनि सहयोग गरेको थियो । योजना नबन्दासम्म स्थानीयवासीले कुवा र मूलको पानीमा निर्भर हुनुपर्ने बाध्यता थियो । तर अब यस्तो बाध्यता लिफ्ट खानेपानी आयोजना सम्पन्न भएसँगै सकिएको स्थानीयवासी उपभोक्ता बताउँछन् । स्थानीय उपभोक्ताले रु १५ लाख सङ्कलन गरी खत्रीबारीमा ७५ हजार लिटरको खानेपानी ट्याङ्की निर्माण गरेका थिए । पँधेराघरको पानीलाई १०० मिटरमाथि खत्रीबारीमा लिफ्ट प्रविधिमार्फत लगेर ५० घरमा 'एक घर, एक धारा' निर्माण गरेका छन् । योजना सम्पन्न भएपछि सोमबारदेखि घरघरमै खानेपानी पुगेको सामुदायिक खानेपानी तथा उपभोक्ता संस्था उपल्लो पाखाथरका अध्यक्ष कुमारविक्रम क्षेत्रीले जानकारी दिनुभयो । क्षेत्रीका अनुसार योजनाको पाइप लाइन विस्तारका लागि भने बागलुङ नगरपालिकाले गत आर्थिक वर्ष २०७७/७८ मा रु आठ लाख बजेट विनियोजन गरेको थियो । "विसं २०३८ मा जुरेढुङ्गाको मूलको पानी सामुदायिक धारामार्फत खाने गरिन्थ्यो, अहिले त्यहाँबाट सानो पानी आउँछ, खानेपानीको अभाव झेल्दै आएका स्थानीयवासीले उपल्लो पाखाथर टोल विकास संस्थामा आवद्ध भई नयाँ घरले रु ४१ हजार र पुरानो घरले रु २६ हजार सङ्कलन गरी रु १५ लाख जुटाएर लिफ्ट खानेपानी आयोजना सम्पन्न गर्न लागेका थियौँ", क्षेत्रीले भन्नुभयो, "प्राविधिक सहयोग गर्दै आएको नगरपालिकाले रु आठ लाख बजेट विनियोजन गरेपछि आयोजनाले सार्थकता पायो ।" उपल्लोपाखाथर बागलुङ नगरपालिका-३ र ४ वडामा पर्दछ । जिल्ला सदरमुकामवासी भएर पनि पुरानो पानीको मुहान सुक्दै गएपछि कुवाको पानीमा निर्भर बन्नुपर्ने अवस्थाको अन्त्य भएको र घरमै खानेपानीको धारा आउँदा स्थानीयवासीमा खुशी छाएको उपभोक्ता धनबहादुर जिसी बताउनुहुन्छ । बस्तीभन्दा मुहान तल भएका कारण १०० मिटरको उचाइमा पम्पमार्फत खानेपानी पुऱ्याएर घरघरमा वितरण गरिएको बागलुङ नगरपालिकाका इन्जीनियर गौरव शर्माले जानकारी दिनुभयो । "उपभोक्ताकै सक्रियतामा खानेपानी निर्माण भएको हो, नगरपालिकाले प्राविधिक सहयोग गरेको थियो, गत वर्ष नगरपालिकाले खानेपानी आयोजना सार्थकता दिन रु आठ लाख विनियोजन गरेर काम सम्पन्न भएको छ", इन्जीनियर शर्माले भन्नुभयो, "मुहानको स्रोत कम हुँदा लिफ्टमार्फत खानेपानी पुऱ्याइएको हो, अहिले घरमा मिटर जडानसहितको धारो छ ।"

खानेपानी ट्याङ्कीबाट थप २५ घरमा खानेपानी वितरण गर्ने उपभोक्ता समितिको लक्ष्य छ । पन्ध्र लाख सामुदायिक खानेपानी समितिबाट सङ्कलन गरे पनि नगरपालिकाको रु आठ लाखको काम भने उपल्लोपाखाथर लिफ्ट खानेपानी आयोजनामार्फत सम्पन्न गरिएको निर्माण समितिका अध्यक्ष खिमराम ढुङ्गानाले बताउनुभयो । खानेपानीको अभावमा त्यहाँका स्थानीयवासीले बसाइँसराइ गर्दै आएका थिए भने त्यहाँ जग्गा खरिद भए पनि खानेपानीको अभावमा घर निर्माण कार्य रोकिएका थिए । पाँच मुललाई केद्रित गरेर मात्रै खानेपानी आयोजना सम्पन्न भएको छ ।

पच्चीस एमएमको पाइपमा जुरेढुङ्गाको मुहानबाट सोझै सङ्कलन ट्याङ्कीमा आएको छ भने पधेराघर, रिठाकोटसहितका कुवाको पानीलाई लिफ्टमार्फत् ४० एमएमको पाइपबाट माथि लगिएको हो । हिउँदको समयमा चार घण्टा र बर्खाको समय चार घण्टा मात्रै खानेपानी लिफ्ट गरेमा सबैलाई खानेपानी पुग्नेछ । खानेपानी उपभोग गरेवापत विद्युत् महसुल र मर्मतसम्भारका लागि मासिक रु २०० उपभोक्ताले खानेपानी उपभोक्ता समितिलाई तिर्नुपर्ने प्रावधान बनाइएको छ । उपभोक्ताले आवश्यकतानुसार घरमा धारो निर्माण गर्न सक्नेछन् । पचासमध्ये दुईवटा सामुदायिक धारसमेत निर्माण गरिएको छ ।

# आश्रम निर्माणमा दाता जुट्दै

पोखरापत्र संवाददाता
बागलुङ, १ भदौ

यहाँ निर्माणाधीन मानव सेवा आश्रमका लागि स्वेच्छिक सहयोग जुट्न थालेको छ । जिल्लालाई 'सहयोगापेक्षी सडकआश्रित मानवमुक्त' बनाउने अभियानमा सक्रिय आश्रमको भवन निर्माणमा दाताहरू जोडिएका हुन् ।

गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयको रु ५० लाख बजेटबाट निर्माण थालिएको भवनका लागि व्यक्तिगत तवरबाट पनि सहयोग आउन थालेको आश्रमका संयोजक सुमिरा लामाले जानकारी दिनुभयो । उहाँका अनुसार बागलुङ नगरपालिका-३ निवासी व्यवसायी सरोजकुमार र रमा श्रेष्ठले रु एक लाख ११ हजार र वडा नं २ का राजेश भारी र आशा राजभण्डारीले ५० बोरा सिमेन्ट उपलब्ध गराउनुभएको छ । "उहाँहरूले स्वतःस्फूर्त रूपमा आश्रम निर्माणका लागि सहयोग गर्नुभएको हो", संयोजक लामाले भन्नुभयो, "अब सार्वजनिकरूपमै सहयोगको आह्वान गर्छौं, त्यसबाट धेरै दाता थपिने हाम्रो विश्वास छ ।" मानवीय सेवाको पवित्र उद्देश्य राखेर आश्रम बनाउन लागिएकाले सबै पक्षबाट सहयोगको हातेमालो हुनेमा आश्रम व्यवस्थापन ढुक्क छ । उसो त अहिले अस्थायी संरचनाबाट चलेको आश्रमको दैनिक सेवा पनि दाताकै भरबाट चलेको छ ।

आश्रम खुलेको पाँच वर्षपछि बागलुङ नगरपालिका-४ निरयघाटमा बन्न लागेको भवनका लागि राज्यका तर्फबाट पनि ठूलो लगानी परेको छ । गत आवमा प्रदेश सरकारबाट बजेटको सुनिश्चितता भएपछि बल्ल भवन निर्माणले गति लिएको थियो । यस आवमा पनि प्रदेशबाट थप रु ५० लाख र बागलुङ नगरपालिकाबाट रु १० लाख बजेट विनियोजन भएको संयोजक लामाले बताउनुभयो । गत आवको बजेटबाट तीनतले भवनको पहिलो तला ढलानसहितको काम पूरा भएको उहाँको भनाइ छ । भवन निर्माणमा २० प्रतिशत जनश्रमदानसमेत जुटाइएको निर्माण समितिका अध्यक्ष एवं आश्रमका अभिभावक शिव खड्काले बताउनुभयो । बजेट अपुग नभए आउँदो दुई वर्षभित्रमा आश्रमको निर्माण पूरा गर्ने लक्ष्य लिइएको उहाँको भनाइ छ । आश्रम निर्माणका लागि बागलुङ नगरपालिकाले पाँच रोपनी जग्गा निःशुल्क उपलब्ध गराएको थियो । सय जना अट्ने गरी भवनभित्रको संरचना बन्ने भएको छ । योग, ध्यान र प्रशिक्षणका लागि छुट्टै कक्ष हुनेछ । आश्रमका सबै पूर्वाधार खडा गर्दा झण्डै रु १० करोडको बजेट अनुमान गरिएको छ ।

तीनै तहका सरकार, निजी क्षेत्र र दाताहरूबाट स्रोत जुटाएर भवन निर्माणलाई पूर्णता दिइने आश्रमले जनाएको छ । बागलुङ नगरपालिकाले यसअघि नै आश्रमको अभिभावकत्व ग्रहण गरिसकेको छ । नगरपालिकाकै पहलमा जग्गाको जोहो भएपछि भवन निर्माणको टुङ्गो लागेको थियो । अहिले बागलुङ बजारस्थित अर्कैको घरबाट अस्थायीरूपमा आश्रम सञ्चालित छ ।

सुविधायुक्त भवन बनेपछि आश्रमको सेवा पनि व्यवस्थित बन्ने जनाइएको छ । ठाउँ अभावले गर्दा अहिले भएको संरचनाबाट धेरै जनालाई आश्रय दिन नसकिने स्थिति छ । "अर्को वर्षभित्रमा बागलुङलाई सडक मानवरहित घोषणा गर्ने तयारी छ, भवन निर्माणले पनि त्यो लक्ष्य हासिल गर्न ठूलो आधार तयार गर्छ", संयोजक लामाले भन्नुभयो । आश्रमले सडकमा अलपत्र दिनदुःखीको उद्धार, पालनपोषण र परिवारसँग पुनःमिलन गराउँदै आएको छ ।

अहिले आश्रममा ५३ जना बेसहारा नागरिकले आश्रय लिइरहेका छन् । आश्रम मनोरोग, अपाङ्गता, गरिबीलगायतका कारणले सडकमा पुगेका सहयोगापेक्षीको सहारा बन्दै आएको छ । अहिलेसम्म सयौँ सडक मानवलाई उद्धार गरिसकिएको छ । तीमध्ये कैयनको परिवारसँग पुनःमिलन भएको छ । आश्रमले सडकबाट उद्धार गरिएका बालबालिकालाई पढाइमा समेत लगाउने गरेको छ । परिवार र समाजबाट अपहेलित भएर सडकमा पुगेका नागरिकको संरक्षण गर्ने उद्देश्यले स्थानीय अभियन्ता तथा स्वयंसेवी युवाहरूको पहलमा विसं २०७२ मा आश्रम खोलिएको थियो ।

# चिकित्सकविहीन स्वास्थ्य केन्द

पोखरापत्र संवाददाता
बागलुङ, १ भदौ

कुश्मिशेरा प्राथमिक स्वास्थ्य केन्द्र चिकित्सकविहीन भएको छ । दरबन्दीमा रहेका चिकित्सक अध्ययनका लागि हिँडेपछि बागलुङको जैमिनी नगरपालिका कोभिड अस्पतालसमेत सञ्चालनमा रहेको स्वास्थ्य केन्द्रमा समस्या भएको हो ।

एक मात्रै चिकित्सकको दरबन्दी रहेको स्वास्थ्य केन्द्र छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकहरूको भरमा सञ्चालन हुँदै आएको थियो । सरकारले गर्ने चिकित्सक परिचालनमा सूचीकृत भएर आउने चिकित्सकको समेत अवधि सकिएपछि सङ्कटको समयमा स्वास्थ्य केन्द्र समस्यामा परेको हो । यहाँ दरबन्दीमा रहनुभएकी चिकित्सक सुस्मा चालिसे एक वर्षअघि देखि अध्ययन बिदामा हुनुहुन्छ । "उहाँ तलबी अध्ययन बिदामा हुनुहुन्छ, अर्को कोही राख्न मिल्ने कुरा भएन," जैमिनी नगरपालिकाका स्वास्थ्य संयोजक गोविन्द आचार्यले भन्नुभयो, "मौजुदा जनशक्तिका आधारमा स्वास्थ्य केन्द्र सञ्चालनमा छ ।" वैकल्पिक अस्पताल नभएको र नजिकमा अन्य स्वास्थ्य संस्थासमेत नभएका गम्भीर प्रकृतिका बिरामीहरू सदरमुकाम धाउनुपर्ने बाध्यता छ । स्वास्थ्य केन्द्रको नेतृत्व अहेवले गर्नुभएको छ । यसअघि सरकारको चिकित्सक परिचालन कार्यक्रमअन्तर्गत करारमा आउनुभएका चिकित्सक राजु भट्टराई क्षेत्रीको गत वैशाख १४ गते करार अवधि सकिएको थियो । उहाँ यहाँबाट बिदा भएसँगै अन्य चिकित्सक पठाइएको छैन । कोरोना सङ्क्रमणको अवस्था र तत्कालको समस्या समाधानका लागि उहाँलाई दुई महिना करार थप गरी असार मसान्तसम्म राखिएको थियो । "छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकलाई दुई वर्ष सेवा गर्नुपर्ने व्यवस्था छ," आचार्यले भन्नुभयो, "कोही एक वर्षमा नै हिँड्नुहुन्छ, कसैले दुई वर्ष अवधि पूरा गर्ने गर्नुभएको छ ।"

यो स्वास्थ्य केन्द्रमा दरबन्दीमा आउने मेडिकल अधिकृत चिकित्सक अधिकांशले तलबी अध्ययन बिदा लिने गरेका कारण उपचारमा समस्या हुने गरेको छ । करारमा सरकारले चिकित्सक पठाउन थालेपछि केही राहत भएको स्वास्थ्य केन्द्रमा पछिल्लो समय समस्या बल्झिएको हो ।

# 'अफगानिस्तानमा रहेका नेपालीको तत्काल उद्धार गर्नु'

रासस
काठमाडौं, १ भदौ

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले अफगानिस्तानमा जोखिममा रहेका नेपालीको कूटनीतिक पहलमार्फत तत्काल उद्धार गर्न सरकारलाई निर्देशन दिनुभएको छ ।

अफगानिस्तानमा रहेका नेपालीको उद्धारका सम्बन्धमा सरकारले गरेका प्रयासको बारेमा परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौडेल र वैदेशिक रोजगार विभागका महानिर्देशक कृष्णप्रसाद दवाडीसँग आज आयोगमा गरिएको छलफलका क्रममा उहाँले सरकारलाई उक्त निर्देशन दिनुभएको हो । अध्यक्ष मगरले जुनसुकै हैसियतमा अफगानिस्तान पुगेका भए पनि जोखिममा रहेका सबै नेपालीको उद्धार गर्न सरकारलाई निर्देशन दिनुभएको हो । छलफलमा सचिव पौडेल र विभागका महानिर्देशक दवाडीले सरकारले उद्धारका लागि कूटनीतिक पहल जारी राखेको, अफगानिस्तानस्थित विदेशी कूटनीतिक नियोगमा कार्यरत केही नेपालीको उद्धार भई सुरक्षित स्थानमा पुऱ्याइ सकिएको र बाँकीलाई सुरक्षितरुपमा नेपाल ल्याउन प्रयास भइरहेको जानकारी गराउनुभयो ।